# शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर तथा टिस्युकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०७६

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

वीरेन्द्रनगर, सुर्खेत

## शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०७६

मा.मन्त्रीज्यूबाट मिति २०७६/०७/२५ गते स्वीकृत

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**प्रस्तावना**:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको आ.व. २०७६/७७ को वार्षिक कार्यक्रम अनुसार व्यावसायिक उत्पादन क्षेत्र, पकेट क्षेत्र तथा शहरी इलाका भित्रका स्थानीय तह, उद्योग बाणिज्य संघ, कृषि व्यवसाय सँग सम्बन्धित सहकारी संघ /संस्था, कृषि उपज वजार विकास समिति, कृषक समूह, पकेट क्षेत्र/ब्लक सञ्चालक समिति तथा कृषि व्यबसाय गर्ने उद्दमी तथा कम्पनी सँग लागत साझेदारीमा कृषि उपज भण्डारण गर्नाका लागि शित भण्डारण, सेलार स्टोर र रष्टिक स्टोर निर्माण तथा रोगमुक्त बेर्ना उत्पादनका लागि टिस्यूकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन सम्बन्धी कार्यक्रम सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न बाञ्छनीय भएकोले यस मन्त्रालयले " शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०७६" तयार गरिएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (1) यस कार्यविधिको नाम "शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि, २०७६"' हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१. परिभाषाः बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क. "साझेदार संस्था" भन्नाले स्थानीय तह, उद्योग बाणिज्य संघ, कृषि व्यवसाय सँग सम्बन्धित सहकारी संघ /संस्था, कृषि उपज वजार विकास समिति, कृषक समूह, पकेट क्षेत्र/ब्लक सञ्चालक समिति तथा कृषि व्यबसाय गर्ने उद्दमी तथा कम्पनी लाई सम्झनु पर्छ ।

ख. "शित भण्डार निर्माण तथा सञ्चालन" भन्नाले साझेदार संस्थाको प्रस्तावका आधारमा प्रदेश मन्त्रालय अन्तर्गतका निर्देशनालय वा कृषि विकास कार्यालयले साझेदार संस्थासँग करार सम्झौता अनुसार तोकिएको रकम अनुदान सहयोग प्रदान गरी त्यस्तो साझेदार संस्थाको लगानी समेतमा "शित भण्डार निर्माण तथा सञ्चालन" कार्यलाई सम्झनु पर्छ ।साथै कृषि उपज उत्पादन तथा बजारीकरणसँग

प्रसार अधिकृत   हरिप्रसाद पण्डित कृषि अर्थविद   मा. विमला के.सी. मन्त्री

प्रत्यक्ष सरोकार राख्ने कृषि उपज शित भण्डारण गर्न देहाय बमोजिमको कार्यलाई सम्झनु पर्छ :-

१. कृषि उपज विक्री वितरणको लागि कोल्ड स्टोर निर्माण गर्ने,
२. कम्पाउण्ड वाल, तारवार, रिटेनिङ्ग वाल निर्माण गर्ने,
३. भण्डारण कोठा, कार्यालय कोठा, सूचना कक्ष, कारोवार स्थान निर्माण गर्ने,
४. खानेपानी सुविधा सम्बन्धी पूर्वाधार, पालोपहरा कक्ष, शौचालय निर्माण गर्ने,
५. "शित भण्डार निर्माण तथा सञ्चालन" का लागि आवश्यक अन्य सुविधा तयार गर्ने ।

ग. "शित भण्डारण गृह" भन्नाले विभिन्न कृषि उपजहरुको भण्डारण (कृषि उपज, पशुजन्य उपज तथा पुष्प आदि) का लागि वहु प्रविधि सुविधा युक्त तरिकाले वनाईने कृषि उपज भण्डारण गृह सम्झनु पर्छ ।

घ. रष्टिक स्टोर भन्नाले बिशेषत पहाडी तथा मध्य पहाडी क्षेत्रहरूमा आलु लगायत अन्य उपयुक्त बालीहरूलाइ भण्डारण गर्ने गृहलाइ सम्झनुपर्नेछ ।

ङ. टिस्यूकल्चर प्रयोगशाला भन्नाले आलु, केरा लगायतका अन्य उपयुक्त बालीहरूको बिशेषत भाइरस मुक्त बेर्नाहरू उत्पादन गर्ने गृहलाइ सम्झनुपर्नेछ ।

च. सेलार स्टोर भन्नाले शुन्य शक्ति भण्डारणको अवधारणा अनुसार हिमाली तथा पहाडी जिल्लाहरुको उत्तरी मोहोडाको चिस्यान भइरहने स्थानमा निर्माण गरिने भण्डारण गृहलाइ सम्झनुपर्नेछ ।

छ. "समिति" भन्नाले उपभोक्ता समिति वा निर्माण समिति वा वजार समिति सम्झनु पर्छ ।

ज. "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति वा नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

झ. "मापदण्ड" भन्नाले नेपाल सरकारका आधिकारिक निकायबाट शित भण्डारण, रष्टिक स्टोर, सेलार स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माणका लागि तयार गरिएको प्राबिधिक डिजाइन तथा इष्टमेट लगायतका आधारभूत सर्त तथा प्राथमिकताका आधारहरु लाई सम्झनुपर्छ। साथै नेपाल सरकारका आधिकारिक निकाय भन्नाले शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला लगायतका अन्य कृषि भौतिक पूबार्धार निर्माण गर्न नेपाल सरकार बाट

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

स्थापना गरिएका निकायहरू तथा नेपाल सरकारबाट मान्यता प्राप्त निजि कृषि व्यबसायि वा उद्दमीलाइ जनाउनेछ ।

ञ. "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

ट. "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय तथा पशुपंक्षी विकास निर्देशनालय सम्झनु पर्छ ।

ठ. "कृषि उपज" भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफूल, तरकारी माछा मासु जस्ता शित भण्डारको आवश्यकता पर्ने वस्तुलाई सम्झनु पर्छ ।

ड. "कार्यालय" भन्नाले मन्त्रालय मातहतका अनुदान प्रवाह गर्ने निकायलाई सम्झनु पर्छ ।

ढ. कार्यक्रम भन्नाले मन्त्रालय तथा मन्त्रालय अन्तरगतका निकायबाट सचालन हुने शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माण तथा भइरहेकाहरुको मर्मत तथा थप बिस्तार कार्यलाइ सम्झनुपर्नेछ ।

## परिच्छेद- २

### कार्यक्रम सञ्चालन प्रकृया

२. सूचना प्रवाह तथा प्रस्ताव आव्हान : सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहाय बमोजिम हुनेछ:-

१. कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ। सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ।

२. प्रस्ताव पेश गर्न इच्छुक साझेदार संस्थाले "नेपाल सरकारका आधिकारिक निकाय वा मान्यता प्राप्त निकायबाट शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माणका लागि तयार गरिएको प्राबिधिक डिजाइन तथा इष्टिमेट सलग्न गरि अनुसूचि-२ मा उल्लिखित बुँदाहरु समेटी अनुसूची-३ अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ। साथै उक्त प्रस्तावमा अनुसूचि ५ बमोजिमका मापदण्डहरु पुरा हुनुपर्नेछ । साथै नेपाल सरकारबाट मान्यता प्राप्त निजि फर्म/कम्पनी बाट डिजाइन इष्टिमेट तयार गरिएको अवस्थामा सकभर नेपाल सरकारमा कार्यरत वा

मा. बिमला के.सी.
मन्त्री

नेपाल इन्जिनियरिङ काउन्सिलबाट मान्यता प्राप्त इन्जिनियरहरुले प्रमाणित गरेको हुनुपर्नेछ ।

**३. प्रस्ताव मूल्याङ्कन तथा छनौट: प्रस्ताव मूल्याङ्कन तथा छनौट देहाय अनुसार हुनेछ :-**

१. प्रस्तावको मूल्यांकन तथा छनौटको आधार र मापदण्ड अनुसूचि-६ मा केन्द्रित रहि मूल्याङ्कन फाराम तयार गरी छनौट गर्नु पर्नेछ ।

२. **मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछ:-**

क. विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, संयोजक

ख. जिल्ला स्थित कोलेनिका प्रमुख/ प्रतिनिधि - सदस्य

ग. जिल्ला स्थित सरकारी निकाय अन्तरगतका इन्जिनियर/सब इन्जिनियर प्रतिनिधि- सदस्य

घ. पशु अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख वा प्रतिनिधि सदस्य

ङ. योजना शाखा प्रमुख वा वागवानी सगँ सम्बन्धित प्राबिधिक कर्मचारी सदस्य-सचिव

३. समितिले आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

४. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

५. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुन: बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

६. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

७. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

८. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

९. सम्बन्धित कार्यालय र छनौट भएको प्रस्तावदाता बिच अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

४. <u>निर्माण प्रकृया:</u> " **<u>शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला</u>** निर्माण तथा सञ्चालन" प्रक्रिया देहाय अनुसार हुनेछ :-

१. यस कार्यविधि बमोजिम साझेदार संस्थासँग साझेदारीमा **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** पुर्वाधार निर्माण गर्नको लागि प्रस्ताव स्वीकृत भैसकपछि सम्बन्धित अनुदानग्राहीले प्रचलित सार्वजनिक खरीद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार निर्माण कार्य गर्नुपर्नेछ ।

२. सहकारी/समुह/ वा अन्य समिति मार्फत गरिने निमार्ण कार्यको हकमा अनिवार्य रुपमा उपभोक्ता समिति गठन गरि सोहि मार्फत कार्य सम्पन्न गर्नुपर्नेछ । उक्त कार्य निर्माणका लागि सबै पक्षको काम कर्तव्य दायित्व र अधिकार खुल्ने गरी अनुसूची ४ अनुसार एक सम्झौता गर्नु पर्नेछ ।त्यस सम्झौता पत्रमा आयोजना कार्यान्वयन, साझेदारी तथा **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** सञ्चालन सम्वन्धी शर्तहरु उल्लेख हुनेछन् ।

३. **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** निर्माण कार्यको डिजाईन, ईष्टिमेट, प्राविधिक नाँप जाँच, सुपरिवेक्षण, रनिङ्ग बील तथा कार्य

...प्रसार अधिकृत    हरिप्रसाद पण्डित ...कृषि अर्थविद    मा. विमला के.सी. मन्त्री

सम्पन्न बील तयारीको लागि मन्त्रालय अन्तर्गतका निकायहरु/ स्थानीय तहहरुबाट उपलब्ध हुने ईन्जिनियर/सवईन्जिनियर प्राविधिकबाट गराउने, तर सो जनशक्ति उपलब्ध नभएमा अन्य सरकारी निकायको प्राविधिक जनशक्तिबाट कार्य गराउने र अन्य सरकारी निकायको प्राविधिक पनि उपलब्ध हुन नसक्ने अवस्थामा नेपाल ईन्जिनियरिङ्ग परिषद्बाट ईजाजत प्राप्त ईन्जिनियर वा नेपाल सरकार बाट ईजाजत प्राप्त फर्मबाट सेवा लिन सकिनेछ । तर निजी फर्म, परामर्शदाता वा कम्पनीबाट निर्माण कार्यको डिजाईन, ईष्टिमेट, प्राविधिक नाँप जाँच, सुपरिवेक्षण, रनिङ्ग बील तथा कार्य सम्पन्न बील तयारीको लागि नेपाल सरकार वा नेपाल सरकार अन्तरगतका ईन्जिनियर/सवईन्जिनियर प्राबिधिकहरुबाट सिफारिस गरेको हुनुपर्नेछ ।

४. उपभोक्ता समिति मार्फत "**शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला**" हुँदा निर्माण कार्य उपभोक्ता समिति आफैले गर्नु पर्ने छ र यस्तो कार्य उपभोक्ता समितिले सव-कन्ट्रयाक्टरद्धारा गराउन पाईने छैन ।

५. मन्त्रालय वा मन्त्रालय अन्तरगतका निकायबाट गत आ.ब.मा सम्झौता भइ निर्माणधिन अवस्थामा रहेका आयोजनाहरुलाइ निमार्ण कार्य पुरा गर्नका लागि उक्त आयोजनाहरुबाट अपुग कार्यका लागि प्रस्ताव लिइ प्रचलित कानुन बमोजिम निर्माण कार्य पुरा गर्नुपर्नेछ ।

९. <u>अनुदानग्राही छनोटका लागि आवश्यक मापदण्डहरुः</u>

**मन्त्रालय तथा मन्त्रालय अन्तरगतका निकायहरु बाट निर्माण गरिने शित भण्डारण,सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** जस्ता भौतिक पूर्बाधारहरुमा जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, उपभोक्ता समिति, कृषि फर्म, कृषि व्यबसायि, निजि कम्पनी लगायतका अनुदानग्राहीबाट तपशिल बमोजिमका मापदण्डहरु पुरा गर्न सकेमा मात्र प्रस्ताव पेश गर्न सकिनेछ ।

a. प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भएको मिति अगावै दर्ता भएको ।
b. प्रचलित कानुन बमोजिमका सबै करहरु तिरी कालोसूचीमा नपरेको ।
c. माथि उल्लेखित भौतिक पूर्बाधार निर्माणमा अनुभव भएको वा बिधान/नियमावली/दर्ता प्रमाणपत्रमा उक्त पूर्बाधारहरु सगँ सम्बन्धित व्यबसाय गर्ने उदेश्य वा कार्यक्रम भएको ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

d. अनुदानग्राही ( समुह/ सहकारी/ उपभोक्ता समिति) ले व्यहोर्ने लागत साझेदारीको रकमका लागि प्रमाण पेश गर्नुपर्नेछ भने निजि फर्म वा कम्पनीहरुले व्यहोर्ने लागतको लागि बैंक सुरक्षण भएको हुनुपर्नेछ ।

e. अनुदानग्राहीले सकभर आफ्नो जग्गामा निर्माण कार्य गर्नुपरर्नेछ । यदि लिजमा जग्गा लिएको हो भने कम्तिमा १५ बर्ष अवधिको लिज सम्झौता भएको हुनुपर्नेछ ।

६. <u>अनुदान रकम तथा भूक्तानी प्रक्रिया</u> : अनुदान रकम तथा भूक्तानी प्रक्रिया देहाय अनुसार हुनेछ :-

१. अनुदान रकम स्वीकृत बजेटको परिधि भित्र रही लागत अनुमान अनुसार सम्झौताका शर्तमा उल्लेख भए अनुसार उपलब्ध गराईनेछ । यस कार्यक्रम अन्तर्गत **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** पुर्वाधार निर्माण कार्यका लागि गरिएको लागत इष्टिमेट तथा साझेदारीमा निर्माण गर्न स्वीकृत रकमको कम्तिमा ३० प्रतिशत रकम समुह/सकारी र कम्तिमा ५० प्रतिशत निजि कम्पनि/ फार्महरुले साझेदारीको रुपमा अनिवार्य रुपमा जुटाउनु पर्नेछ ।

२. "**शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** निर्माण तथा सञ्चालन" कार्यका लागि प्रस्ताव छनौट भएपछि, स्वीकृत रकमको बढीमा ५ प्रतिशत रकम रनिङ्ग बिलका आधारमा कट्टी हुने गरी कार्यालयले कन्टिन्जेन्सीको रुपमा छुट्टयाउन सकिनेछ । उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राविधिक खर्च आदि शिर्षकहरुमा खर्च गर्नुपर्नेछ ।

३. यस कार्यक्रम अन्तर्गतको अनुदान रकम स्वीकृत कार्यक्रम अन्तर्गत तोकिएको स्थानमा कार्य लक्ष्यमा तोकिए बमोजिमका **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** पूर्वाधारहरु निर्माण वा सुदृढीकरण गर्ने कार्यमा मात्र खर्च गरिनेछ ।

७. <u>भुक्तानी प्रकृयाः</u> अनुदानग्राहीलाई बढीमा ३ किस्तामा देहाय अनुसार अनुदान रकम भुक्तानी गरिनेछ ।

...षि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने बिश्वस्त आधार पेश गरे पछि प्रथम किस्ता वापत अनुदान रकमको २०% पेश्कि,

ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

ग) सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ ।

च) सम्बन्धित कार्यालयबाट उपभोक्ता समिति मार्फत निर्माण कार्य भएको अवस्थामा उपभोक्ता समितिको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइनेछ ।

छ) उपभोक्ता समिति वा निर्माण व्यवसायीले रनिङ्ग बील तथा तोकिएको निर्माण कार्य सकी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

८. <u>अन्य व्यवस्था:</u> **"शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** निर्माण तथा सञ्चालन" सम्बन्धी अन्य व्यवस्था देहाय अनुसार हुनेछ :-

१. यस कार्यविधि अन्तर्गत साझेदारीमा विकास गरिएका **शित भण्डारण, सेलार स्टोर, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला** पूर्वाधारहरुको सचालनका लागि मन्त्रालय वा मन्त्रालय अन्तरगत निकायको समन्वयमा **शित भण्डारण/सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला सचालन निर्देशिका बनाएर मात्र पूर्बाधारहरुको हस्तान्तरण गर्नपर्नेछ।**

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

२. यस कार्यविधि अन्तर्गत साझेदारीमा विकास गरिएका **शित भण्डारण, रष्टिक स्टोर, सेलार स्टोर र टिस्यूकल्चर प्रयोगशाला** पूर्वाधारहरुको स्वामित्व लगानीको अनुपात अनुसार मन्त्रालय तथा सम्वन्धित साझेदारहरु बीच संयुक्त रुपमा रहनेछ । उक्त सुविधाको उपयोग जुन कार्यका लागि स्थापना भएको सोहि प्रयोजनमा मात्र गर्न सकिनेछ । यसरी विकसित पूर्वाधारहरुमा स्थानीय तह वा साझेदार संस्थाले कार्यालयको पूर्व स्विकृति बेगर कुनै प्रकारको फेरबेदल वा संरचनाको स्वरुप परिर्वतन, पुनर्निर्माण वा भत्काउने कार्य गर्न पाइनेछैन ।

३. निर्मित पूर्वाधारको दुरुपयोग भएको पाईएमा उक्त पूर्वाधारहरु प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिई सञ्चालन व्यवस्थापन गर्नेछ ।

४. यस कार्यक्रम अन्तर्गतको आयोजना कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा देहाय अनुसार गठित जिल्लास्तर निर्देशन समितिबाट समस्याको समाधान हुनेछ :-

| | |
|---|---|
| क) कार्यालयको प्रमुख | -संयोजक |
| ख) प्रतिनिधि, सम्बन्धित स्थानीय तहले तोकेको जनप्रतिनिधि | -सदस्य |
| ग) अधिकृत प्रतिनिधि, कृ.वि.का./प.अ.प.से.का. | -सदस्य |
| घ) सम्बन्धित साझेदार संस्थाबाट १ जना | -सदस्य |
| ङ) प्रतिनिधि, सम्वन्धित उद्योग वाणिज्य संघ १ जना | -सदस्य |
| च) कार्यालयको कृषि अर्थ विज्ञ वा संयोजकले तोकेको अधिकृत | -सदस्य सचिव |

## परिच्छेद-३
## अनुगमन मूल्याङ्कन

९. <u>अनुगमन मुल्याङ्कन</u> : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-४
## विविध

१०. <u>पुरस्कार तथा कार्वाहीको व्यवस्थाः</u> पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः-

कृषि प्रसार अधिकृत    हरिप्रसाद पण्डित वरिष्ठ कृषि अर्थविज्ञ    मा. विमला के.सी. मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

क. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

ख. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

ग. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

घ. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

द्रष्टव्य: यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

क) प्रारम्भिक कार्य: प्रारम्भिक कार्य स्वरुप यस स्वीकृत कार्यविधिको परिधिमा रहने गरी निर्माण अवस्थामा रहेका शित भण्डार गृह / कम्पनीहरु समेतले नियम पूर्वक आवेदन गर्न सक्नेछन् ।

११. <u>बाधा अड्काउ फुकाउने:</u>

क. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ

ख. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

अनुसूची-१

दफा २ को उप-दफा १ सँग सम्बन्धित

**शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण/मर्मत/थप बिस्तार अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना**

यस ............................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा .......................... जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, उपभोक्ता समिति, कृषि फर्म, कृषि व्यबसायि, निजि कम्पनी बाट नयाँ निर्माण वा भइरहेका पूर्वाधारहरुको थप बिस्तार तथा मर्मत कार्यका लागि दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........... दिन भित्र .................कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची ...... अनुसार व्यवसायिक योजना सहित आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि .................................मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

१. संस्था/कम्पनी दर्ताको प्रमाण पत्र तथा नविकरणको प्रतिलिपि
२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र "**शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण** निर्माण तथा सञ्चालन" गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि
३. "**शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण** निर्माण तथा सञ्चालन" गर्ने अनुसूची ३ अनुसारको प्रस्तावना
४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र भएमा प्राथमिकता हुने
५. सहकारी, कृषि व्यबसायि र निजी फर्म, कम्पनिको हक कर/भ्याट दर्ता प्रमाण - पत्र र आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
६. सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
८. कम्तीमा १० वर्षे व्यावसायिक योजना र प्रतिवद्धता पत्र
९. लागत ईष्टिमेट डिजाईन सहितको नक्शा र अन्य **शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण** लागि अनुभवी प्रमाणहरु

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूचि-२

दफा २ को उप-दफा २ सँग सम्बन्धित

**शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण/ मर्मत/ थप बिस्तार लागि**

निवेदनको ढाँचा

मिति

विषयः ............................... अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् ........................... ज्यु

..........................................

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने .............. नामक कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनि ले ................. कार्य संचालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु १० को टिकट टास गरि अनुसूची ...... मा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौं/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनी अध्यक्ष/ प्रतिनिधिको

दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूचि-३

दफा २ को उप-दफा २ सँग सम्बन्धित

## शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण पूर्वाधार निर्माण / मर्मत/थप बिस्तार का लागि प्रस्ताव माग फारम

१. योजनाको कार्यः शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण वा थप बिस्तार वा मर्मत कार्य ( एक छनोट गर्ने)

कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनी नामः

२. ठेगानाः जिल्ला नपा/गापा वडानं. टोल

३. कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनी दर्ता भएको मितिः

४. दर्ता गर्ने कार्यालयः

५. सम्पर्क व्यक्तीको नामः पदः सम्पर्क फोनः

६. लाभाम्भित घरदुरीः प्रत्यक्षः अप्रत्यक्षः

७. लाभाम्भित जनसंख्याः प्रत्यक्षः अप्रत्यक्षः

८. प्रक्षेपित कारोवार शुरु हुने मितिः

९. प्रक्षेपित कारोवारको विवरणः

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पैचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१०. कारोवार हुने क्षेत्र/जिल्लाः

११. कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनीको चल अचल पुंजीको विवरणः

१२. खेती गरिरहेको जमिनको क्षेत्रफलः

खेत पाखो जम्मा

१३. शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण निर्माणका लागि भौतिक पुर्वाभारको सुविधाः

सडक विधुत फेज यातायातको सुविधा अन्य

१४. शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण निर्माणका लागि प्रस्तावित नक्शा निर्माण स्थल सडक देखिको दुरी

१५. शित भण्डारण, रष्टिक स्टोर भण्डारण गरिने वाली

खाद्यान्न वाली तरकारी वाली फलफूल आलु माछा अन्य

१६. टिस्यूकल्चर प्रयोगशाला निर्माणका हकमा उत्पादन गरिने बाली/बेर्नाः

अधिकृत

हरिप्रसाद पण्डित
कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ भण्डारणको क्षमता मे.टन.

टिस्यूकल्चर प्रयोगशालाका हकमा उत्पादन गरिने बेर्नाहरुको सख्याः

१७. अन्य

निवेदकको दस्तखतः

नामः

पदः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-४

दफा ४ को उप-दफा २ सँग सम्बन्धित

सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ कृषक समुह/कृषि सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/ निर्माण व्यबसायि/ कम्पनी...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न **शित भण्डारण/रष्टिक स्टोर/सेलार स्टोर टिस्यूकल्चर प्रयोगशाला को** स्वीकृत इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७६ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको निर्माण सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष समुह वा सहकारी भएमा उपभोक्ता समिति गठन गरि सोहिबाट कार्य गर्ने । यदि दोस्रो पक्ष निजी फर्म वा कम्पनी भएमा प्रचलित सार्बजिनक खरिद ऐन तथा नियमावली अनुसार कार्य गराउनुपर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ,

   १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
   २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फर्छ्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
   ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको पुर्वाधार निर्माण लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. **शित भण्डारण /सेलार स्टोर/ रष्टिक स्टोर/ टिस्यूकल्चर प्रयोगशाला निर्माण** पूर्वाधार निर्माण गर्दा दोस्रो पक्षले निर्माण तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

८. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।

९. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

अधिकृत

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी म
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

११. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१२. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१३. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :- | संस्थाको छाप :- |

रोवर

| | |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| ठेगाना :- | ठेगाना :- |
| मिति :- | मिति :- |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश नेपाल
वीरेन्द्रनगर, सुर्खेत

## अनुसूची ५

## दफा २ को उप-दफा २ सँग सम्बन्धित

**शित भण्डारण, रष्टिक स्टोर र टिस्यूकल्चर प्रयोगशाला निर्माणका लागि न्यूनतम मापदण्डहरुः**

| सिन | भौतिक पूर्वाधारहरु | क्षमता | | कैफियत |
|---|---|---|---|---|
| १ | **शित भण्डारण आलु, तरकारी तथा फलफुलका लागि** | न्यूनतम २०० मे.टन | स्वीकृत बजेटको परिधि भित्र रहि अधिकतम अनुदान रकम रु १ करोड सम्म | अनुदानग्राहीको आफ्नै जग्गा भएको वा नभएमा कम्तिमा १५ बर्षका लागि लिजमा लिएको । जग्गा न्यूनतम ५ रोपनी भएको हुनुपर्ने |
| २ | **सेलार स्टोर** | न्यूनतम १० मे.टन | स्वीकृत बजेटको परिधि भित्र रहि अधिकतम अनुदान रकम रु ५० लाख सम्म | अनुदानग्राहीको आफ्नै जग्गा भएको वा नभएमा कम्तिमा १५ बर्षका लागि लिजमा लिएको । जग्गा न्यूनतम २ रोपनी भएको हुनुपर्ने |
| ३ | **रष्टिक स्टोर** | कम्तिमा १० मे टन | स्वीकृत बजेटको परिधि भित्र रहि अधिकतम अनुदान रकम रु ५० लाख सम्म | अनुदानग्राहीको आफ्नै जग्गा भएको वा नभएमा कम्तिमा १५ बर्षका लागि लिजमा लिएको । |
| ४ | **टिस्यूकल्चर प्रयोगशाला** | प्राबिधिक डिजाइन इष्टिमेट अनुसार | स्वीकृत बजेटको परिधि भित्र रहि अधिकतम अनुदान रकम रु १ करोड सम्म | अनुदानग्राहीको आफ्नै जग्गा भएको वा नभएमा कम्तिमा १५ बर्षका लागि लिजमा लिएको |

## अनुसूची ६

## दफा ३ को उप-दफा १ सँग सम्बन्धित

प्रस्ताव छनौटका लागि मूल्यंकनका आधारहरुः

| सिन | आधारहरु | अकं भार | कारण |
|---|---|---|---|
| १ | उपलब्ध जग्गा | | |
| २ | बिजुलीको व्यबस्था | | |
| ३ | बाटो भएको | | |
| ४ | उपयुक्त डिजाइन ईष्टिमेट | | |
| ५ | व्यबसायिक योजना | | |
| ६ | लगानीको आधारहरु | | |
| ७ | प्रस्तावको अनुभव | | |
| ८ | भण्डारणका लागि उपलब्ध कृषि उपज र परिमाण | | |
| ९ | स्थलगत प्रमाणिकरण | | |

नोटः माथि उल्लेखित आधारहरु बाहेक अन्य आधारहरु पनि तय गरि सोहि अनुसार अकं भार दिइ प्रस्तावहरुको छनोट गर्न सकिनेछ । साथै ईञ्जिनियरिङ डिजाइन इस्टिमेट तथा व्यबसायिक योजनाको प्रस्तावमा सफल ठहर भएका प्रस्तावहरुको मात्र स्थलगत निरिक्षण गरि उपयुक्त ठहर भएमा मात्र सम्झौताको लागि सिफारिस गर्नुपर्नेछ।

कृषि प्रसाद अधि...

हरिप्रसाद पण्डित
... कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री